# दशरथचन्द नगरपालिका

# स्थानीय राजपत्र

**दशरथचन्द नगरपालिका द्धारा प्रकाशित सुचना**

बैतडी जिल्ला सुदूरपश्चिम प्रदेश , नेपाल

भाग -२ बर्ष : ८ अंक १ २०८२ फागुल्ण २८ बिहिबार


नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०८२/११/२८ मा स्वीकृत भएएको दशरथचन्द नगरपालिकाको <u>सहकारी संगको लागत साझेदारीमा चक्लाबन्दि कार्यक्रम कार्यविधि ,२०८२</u> स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ

**प्रस्तावनाः**

कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृर्दि,खाद्य तथा पोषण सुरक्षा अभिवृर्दि,पुर्वाधार विकास आधुनिकिकरण एंव व्यावसायिकरण र उत्पादन लक्षित लगानि वृर्दि गर्न यस दशरथचन्द नगरपालिकाका नगरस्तरिय कृषि कार्यक्रमको कार्यान्वयनलाइ व्यवस्थित,पारदर्शि,प्रभावकारी,अनुमान योग्य तथा प्रतिफलमा आधारित वनाउन आर्थिक कार्यविधि नियमित र व्वस्थित गर्न वनेको कानुन २०७५ ले दियको अधिकार प्रयोग गरि दशरथचन्द नगरपालिकाले यो कार्यविधि वनाइ मिति २०८२/११/२८ को नगरकार्यपालिकाको बैठकले पारित गरि यो कार्यविधि लागु गरिएको छ।

**परिच्छेद- १**

**<u>प्रारम्भिक</u>**

**१. संक्षिप्त नाम र प्रारम्भः** १) यो कार्यविधि को नाम **<u>सहकारी संगको लागत साझेदारीमा चक्लाबन्दि कार्यक्रम कार्यविधि ,२०८२</u>** रहेको छ।

दशरथचन्द नगरपालिका राजपत्र

२) यो कार्यविधि नगरकार्यपालिकाले स्विकृत गरेको मितिदेखि लागू हुनेछ।

**३) परिभाषा विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) "**अनुदाने**" भन्नाले स्थानिय सरकारवाट विनियोजित वजेट अनुसारको स्विकृत कार्यक्रम वमोजिम कृषि क्षेत्रको उत्पादन प्रसोधन मुल्य अभिवृर्दि वजारिकरण पुर्वाधार निर्माण यान्त्रिकरण विविधिकरण व्यावसायिकरण आधुनिकिकरण औद्योगिकरण तथा गरिवि निवारणसँग सम्वन्धित कार्यक्रम संचालनका लागि छनौट भएका अनुदानग्राहिलाइ प्रचलित कानून अनुसार लेखा राख्ने लगायतका वितिय उत्तरदायित्व वहन गर्ने गरि प्रदान गरिने आर्थिक सुविधा वस्तुगत सहायता पुर्वाधार विकास वा उपलव्ध गराइने कृषि सामग्री उपकरण तथा अन्य सहायता सम्झनु पर्छ।

ख) **अनुदानग्राहि** भन्नाले यस कार्यविधि वमोजिम यस दशरथचन्द नगरपालिकावाट संचालित कार्यक्रम अनुसार प्राप्त गर्ने कृषक,कृषि फर्म,कृषक समुह,सहकारी संस्थाहरुलाइ वुझाउनु पर्दाछ।

ग) **समुह** भन्नाले कृषि पशुपन्छि सिचाइ कार्य गर्ने गरि कानून वमोजिम सम्वन्धित निकायमा दर्ता भएको उपभोक्ता सम्झनुपर्दछ।

घ) **कम्पनि** भन्नाले कृषि पशुपन्छि व्यावसाय गर्ने प्रचलित कानून वमोजिम दर्ता भएका प्राइभेट वा कम्पनि लाइ सम्झनुपर्दछ।

ङ) **कार्यक्रम** भन्नाले यस कार्यविधिमा उल्लेख भएका क्रियाकलाप वा कार्यक्रमलाइ सम्झनुपर्दछ।

च) **कार्ययोजना** भन्नाले कार्यक्रमहरु संचालन गर्नका लागि आवश्यकता अनुसार सेवाग्राहिले पेश गरेको विस्तृत क्रियाकलाप,लागत अनुमान,समयावधि,अपेक्षित उपलव्धि र जिम्मेवार पक्ष सहितको विवरणलाइ सम्झनुपर्दछ।

छ) **कृषि उपज** भन्नाले कृषकले नेपालमा उत्पादन गरेका वस्तु तथा त्यसरि उत्पादित वस्तुको प्रारम्भिक रुपमा प्रसोधन गरीएका खाद्यान्न वालि,फलफुल,तरकारी,मसलावाली,पुस्प,पशुपन्छि,च्याउ मौरी,रेशम,चिया,कफि,अलैचि,तेलहन,दलहन,कपास,जुट,उखु आदि कृषिका सवै उपक्षेत्रसंग सम्वन्धित उत्पादन सम्झनुपर्दछ र सो शव्दले औधोगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु समेतलाइ सम्झनुपर्दछ।

ज) **कृषक समुह** भन्नाले कृषि पेशामा संलग्न भइ साझा आवश्यकता र चाहाना भएका व्यक्तिहरु मिलेर सामुहिक विधिद्धार कृषि क्षेत्रमा काम गर्ने गरि स्थापना भइ आधिकारिक निकायमा दर्ता भएको संस्थालाइ सम्झनुपर्दछ।

दशरथचन्द नगरपालिका राजपत्र

झ) **फर्म** भन्नाले प्रचलित कानून अनुसार सम्वन्धित निकायमा दर्ता भएको निजि क्षेत्रका व्यावसायि उद्धमिको संस्थालाइ सम्झनुपर्दछ।

ञ) **मन्त्रालय** भन्नाले सुदुरपश्चिम प्रदेशको भुमि व्यवस्था कृषि तथा सहकारी मंत्रालय लाइ सम्झनुपर्दछ।

ट) **समिति** भन्नाले यस कार्यविधि अनुसार गठित भएका कार्यक्रम व्वस्थापन समितिलाइ सम्झनुपर्दछ।

ठ) **सहकारी** भन्नाले प्रचलित कानून वमोजिम दर्ता भएका कृषि पशुपन्छि सम्वन्धि कार्य गर्ने सहकारी संस्थालाइ सम्झनुपर्दछ र सो शव्दले कृषि कार्य समेत उदेश्य रहेको बहुउद्देशिय सहकारी संस्था समेतलाइ वुझाउछ।

परिच्छेद- २

कार्यक्रमको कार्यन्वयन, मुल्यांकन तथा प्रतिबेदन

४. कार्यक्रमको कार्यन्वयन, मुल्यांकन तथा प्रतिबेदन समिति : सहकारी संगको लागत साझेदारीमा चक्लाबन्दि कार्यक्रम संचालन तथा ब्यबस्थापनका लागि दशरथचन्द नगरपालिकाको कृषि ब्याबसाय प्रबर्दन एन २०७४ को परिच्छद-३ को दफा (२) को उपदफा (१) बमोजिमको रहनेछ ।

५. समितिको काम कर्तब्य र अधिकार : १) दफा ४ बमोजिम गठित समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ;

क) सहकारी संगको लागत साझेदारीमा चक्लाबन्दि कार्यक्रम कार्यन्वयनका लागि मार्गदर्शन गर्ने ।

ख) प्रचलित कानुन बमोजिम प्रस्ताब साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु निर्धारण गर्ने ।

ग) अनुसूची -१ बमोजिम तोकिएका मुल्यांकनका आधारहरुको परिधि भित्र रही बस्तुपुरक र न्यायोचित ढंले अंकभार बाडफाड गर्ने ।

घ) प्राप्त प्रस्ताबहरुको मुल्यांकनका लागि सहयोग गर्न आवश्यक अनुसार उपसमिति गठन गर्ने ।

६. बैठक सम्बन्धित कार्यविधि : दफा ४ अनुसार गठित समितिहरुको बैठक सम्बन्धित कार्यविधि देहाय बमोजिम हुनेछ ।

क) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिबले मिति समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

दशरथचन्द नगरपालिका राजपत्र

ख) बहुमत सदस्यहरुको उपस्थितिलाइ बैठकको गणकपुरक संख्या मानिनेछ ।

ग) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

घ) समितिले आवश्यकता अनुसार बिषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

ङ) समितिको बैठक सम्बन्धित अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७. कार्यक्रम संचालनका लागि बालि तथा ब्याबसाय छनौट : (१) यो कार्यक्रम संचालनका लागि अनुसूची-२ बमोजिमका बालि तथा ब्याबसायमा संचालन गर्न सकिनेछ ।

८. कार्यक्रम संचालनका आधार, मापदण्ड तथा अनुदान :(१) चक्लाबन्दीमा कृषि कार्यक्रम कार्यन्वयन गर्दा देहायका आधारहरु पुरा भएको हुनु पर्नेछ ।

क) कृषक सहकारी सँस्था हुनु पर्ने ।

ख) कम्तिमा २ हेक्टर क्षेत्रफ़लमा खेति गर्नु पर्नेछ ।

ग) जग्गामा प्रस्ताब गरिएको ब्याबसाय प्राबिधिक रुपले उपयुक्त हुनुपर्ने ।

२) स्वीकृत बजेटको परिधि भित्र रही अनुसूची- ३ बमोजिमको मापदण्ड अनुसार मात्र अनुदान प्रदान गर्न सकिनेछ ।

९. प्रस्ताब आह्वान तथा छनौट प्रक्रिया : (१) प्रचलित कानुनको सर्बमान्यतामा प्रतिकुल नरहने गरि कार्यालयको स्वीकृत कार्यक्रमको परिधि भित्र रही सार्बजनिक सूचना प्रकाशित गरि अनुसूची-४ बमोजिमको ढाचामा प्रस्ताब आह्वान गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमको रित पुगेको प्रस्ताब र निबेदन प्राप्त भएपछि प्रचलित कानुन बमोजिम दर्ता गर्नु पर्ने छ ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको प्रस्ताब दफा ४ बमोजिमको समितिले प्रचलित कानुनको सर्बमान्यता प्रतिकुल नरहने गरि अनुसूची-१ बमोजिम मुल्यांकन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम गरिएको मुल्यांकनको आधारमा अनुदानग्राही छनौट गर्नु पर्नेछ ।

दशरथचन्द नगरपालिका राजपत्र

१०. लागत ईष्टिमेट तथा सम्झौता :(१) दफा ९ बमोजिम छनौट भएका अनुदानग्राहीलाइ आवश्यक कागजात सहित सम्झौत गर्न १५ दिनको अबधि तोकी सूचना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्याद भित्र आएका अनुदानग्राहीसंग अनुसूची-५ बमोजिमको ढाचामा प्रचलित कानुन अनुसार सम्झौता गर्नु पर्ने छ ।

(३) अनुसूची-५ मा तोकिए बमोजिमको लागत साझेदारी, अनुदान तथा रकमसमेतको ब्याहोरा सम्झौतामा उल्लेख गर्नु पर्ने छ ।

## परिच्छेद- ३

## बिबिध

११. लेखा तथा लेखापरिक्षण : कार्यक्रमको खर्चको लेखा ब्यबस्थापन तथा लेखापरिक्षण प्रचलित कानुन बमोजिम गर्नु पर्ने छ ।

१२. प्रचलित कानुन बमोजिम हुनेः प्रचलित कानुनको सर्बमान्यतामा प्रतिकुल नरहने गरि यस कार्यविधिमा लेखिएको बिषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. बाधा अड्कन फुकाउने तथा संशोधनः यस कार्यविधिको कार्यान्वयनमा कुनै द्वाविधा उत्पन्न भइ कार्यन्वयन गर्न बाधा परेमा प्रचलित कानुन बमोजिम बाधा अड्काउ फुकाउन सकिनेछ ।

## अनुसूची-१

( दफा (५) को उपदफा (१) को (ग) संग

प्रस्ताव मुल्यांकनका आधारहरु :

| क्र.स. | आधार | अंकभार (प्रतिशत) |
|---|---|---|
| १. | प्राबिधिक उपयुक्तता तथा नबिन प्रबिधिको प्रयोग | २५ |
| २. | आवेदकको ब्याबसायिक पृष्ठभुमि र फिल्ड अनुभब | २५ |
| ३. | आवेदकको सम्बन्धित ब्याबसायको अध्ययन तथा तालिम | २५ |
| ४. | सामाजिक समाबेशिता ( महिला, दलित, जनजाती, मुक्त कमैया/हलिया, भूमिहीन, द्वन्द्व पिडित, सुचिकृत जातजाति आदि ) | १० |
| ५. | बैदेशिक रोजगारबाट फर्केका युबाहरु | ५ |
| ६. | बाताबरण मैत्री प्रबिधि | ५ |
| ७. | दिगोपना | ५ |

दशरथचन्द नगरपालिका राजपत्र

## अनुसूची- २

कार्यक्रम संचालन गरिने बालि तथा ब्याबसायहरु :

| क्र.स. | बालि बस्तु | क्षेत्र |
|---|---|---|
| १. | आलु, तरकारी | हिमाल/ पहाड/ तराई |
| २. | फलफुल | हिमाल/ पहाड |
| ३. | मसला बालि (प्याज, अदुवा, लसुन, खुर्सानी, अलैची आदि ) | हिमाल/ पहाड/ तराई |
| | | |

## अनुसूची-३

चक्लाबन्दी खेतिको क्षेत्रफ़ल तथा बजेट

| भौगोलिक क्षेत्र | क्षेत्रफ़ल (न्युनतम) |
|---|---|
| हिमाली क्षेत्र | १ हेक्टरसम्म |
| पहाडी क्षेत्र | २ हेक्टरसम्म |
| तराइ क्षेत्र | ३ हेक्टरसम्म |
| अनुदान रकम | लागत साझेदारीको ९० % सम्म |

६. दोश्रो पक्षले सम्झौता बमोजिमको कार्य...................................भित्र अनिबार्य रुपमा सम्पन्न गरि भुक्तानीका लागि आवश्यक कागजात प्रथम पक्ष समक्ष पेश गर्नेछ ।

७. भुक्तानी सम्बन्धमा दोश्रो पक्षले प्रथम पक्षलाइ आवश्यक कागजात पेश गरिसके पश्चात, प्रथम पक्षले स्थलगत निरिक्षण गरि तयार गरेको कार्यसम्पन्न प्रतिबेदनका आधारमा दोश्रो पक्षको बैंक खातामार्फत भुक्तानी दिनेछ ।

८. दोश्रो पक्षले अनिबार्य रुपमा कार्यक्रमको सामाजिक परिक्षण गराउनु पर्नेछ ।

९. यस सम्झौतामा उल्लेखित शर्तहरु दुवै पक्षका लागि समान रुपले मान्य तथा बन्धनकारी हुनेछन् कुनै एक पक्षले सम्झौताको शर्तहरुको पालना नगरेमा अर्को पक्ष एकतर्फी रुपमा सम्झौता भंग हुनेछ ।

१०. यस सम्झौतामा रहेका शर्तहरु यसै बमोजिम र नपरेका कुराहरु प्रचलित नियम तथा कानुन बमोजिम हुनेछन ।

दशरथचन्द नगरपालिका राजपत्र

प्रथम पक्षको तर्फबाट

दोश्रो पक्षको तर्फबाट

नाम :

नाम :

पद

:

पद :

मिति

:

मिति :

कार्यालयको छाप :

छाप :

दशरथचन्द नगरपालिका

गढी, बैतडी

सहकारी संगको लागत साझेदारीमा चक्लाबन्दि कार्यक्रम

कार्यसम्पन्न प्रतिबेदन

योजनाको नाम :

खुद बढी भएको रकम :

स्थान ;

खुद घटी भएको रकम :

सम्झौता मिति :

घटी/ बढी हुनुको कारण :

कार्य सम्पन्न भएको मिति :

कार्य सम्पन्न हुनुपर्ने मिति :

इष्टिमेट अनुसारको रकम रु.

कृषक/ कृषक संस्थाको नाम :

खुद कार्य भए बमोजिमको रकम रु.

सम्पर्क व्यक्ति/अध्यक्षको नाम :

| क्र.स. | कार्यको विवरण | एकाई | लागत इष्टिमेट अनुसार | | | खुद काम भएको (स्थालगत नापी अनुसार ) | | | फरक | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिणाम | दर | रकम | परिणाम | दर | रकम | परिणाम | दर | रकम | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

दशरथचन्द नगरपालिका राजपत्र

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | | | | | | | | | | | |
| | | | | | कार्यालय अनुदान | | | | | | | |
| | | | | | स्वलगानी............% | | | | | | | |

तयार गर्ने      काम गर्ने      जाच गर्ने      सदर गर्ने

छाप

आज्ञाले

केशव राज सुबेदी

प्रमुख प्रशासकीय अधिकृत

दशरथचन्द नगरपालिका राजपत्र